ग्राफीक डिजाइन, फ्लेक्स बोर्ड, स्क्रीन प्रिन्ट, कलर प्रिन्ट, बुक सेटिङ्ग तथा छपाई, बाइन्डिङ्ग, टाईपिङ्ग, क्यालेण्डर छपाई, परिचय-पत्र भिजिटिङ्ग कार्ड, विवाह कार्ड, सेल्फ छाप, नाइलन छाप बनाइनुका साथै छपाई सम्बन्धि सम्पूर्ण कार्य गरिन्छ ।
एडी
कम्प्युटर एण्ड स्क्रीन प्रिन्ट
एल.एन.चौक
(त्रिनगर स्कुल गेट अगाडि)
मो.नं.: ९८४८४५५०८३

नेपाली राष्ट्रिय दैनिक
# धनगढी पोष्ट
www.dhangadhipostnews.com

यो ठाउँ विज्ञापनको लागि खाली छ ।

प्रतिपक्षविहीन संसद र मूल्यहीन कांग्रेस ②
लम्कीमा खुकुरी प्रहार हुँदा २ जना घाइते ③
खाद्य संस्थानले पाएन कोटाको धान ④

वर्ष २१ अंक १५६ वि.सं. २०७९ माघ ५ गते बिहीबार (Jan. 19 Thursday 2023) मुल्य रु. ४/- पेज -४

# मुख्यमन्त्री बनाउन समर्थन गरेको उन्मुक्तिले विश्वासको मत नदिने संकेत

## रेशम चौधरीसँगै वार्ता गर्न मुख्यमन्त्री रावल काठमाण्डौं जाँदै

**पोष्ट संवाददाता**

धनगढी । सुदूरपश्चिम प्रदेशमा मुख्यमन्त्री, सभामुख र उप सभामुख चयनका लागि शत्तारुढ गठबन्धलाई सघाउँदै समर्थन जनाएको नागरिक उन्मुक्ति पार्टीले मुख्यमन्त्रीलाई विश्वासको मत नदिने संकेत गरेको छ ।

सरकारलाई समर्थन दिएपछि नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीलाई छुटाउने सहमति भएपनि केन्द्र सरकारले सो सहमति कार्यान्वयन नगरेको भन्दै नागरिक उन्मुक्ति पार्टीले विश्वासको मतका बारेमा पनि सोच्नुपर्ने अवस्था आएको जनाएको छ ।

प्रधानमन्त्री पुष्पकमल दहाल र नेकपा एमालेका अध्यक्ष केपि शर्मा ओलीले पुस मसान्त वा माघको दुई/तीन गते सम्म रिहाई गर्न आवश्यक प्रक्रिया अघि बढाने आस्वासन दिएका भएपनि सो साहमति कार्यान्वयन गर्न नसकेको नागरिक उन्मुक्ति पार्टीको आरोप छ। पहिला संघ देखि प्रदेशमा बन्ने सरकारलाई समर्थन गरौं अनि टिकापुर घटनाको आरोपमा जेलमा रहेका रेशम चौधरी लगायत नेता कार्यकर्ता छुटाउन पहल गर्नेछौं भन्ने आस्वासन प्रधानमन्त्री र एमाले अध्यक्ष केपि ओलीले दिएको नागरिक उन्मुक्ति पार्टी संसदीय दलका प्रमुख सचेतक गंगाराम चौधरीले बताए । सोही अनुसार नागरिक उन्मुक्ति पार्टीले सुदूरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्री, सभामुख र उप सभामुख चयन गर्न समर्थन गरेको उनले बताए ।

'माघ २ गते सम्म रेशम चौधरी सहति जेलमा रहेका नेता कार्यकर्तालाई छुटाउनले आस्वासन प्रधानमन्त्रीले दिएका थिए,'संसदीय दलका प्रमुख गंगाराम चौधरीले भने, 'तर माघ ४ गते सम्म पनि प्रधानमन्त्रीले त्यसबारेमा कुनै चासो देखाउनु भएको छैन, हाम्रो माग पुरा नभए प्रदेशमा मुख्यमन्त्री बनेका राजेन्द्र रावललाई विश्वासको मत दिन सकिदैन ।'

यता सुदूरपश्चिमका मुख्यमन्त्री राजेन्द्र सिहं रावलले माघ ११ गते प्रदेशसभाबाट बिश्वासको मत लिने तयारी गरेका छन् । एमाले पोलिट्ब्युरो सदस्य समेत रहेका नेता रावल माओवादी केन्द्र, नागरिक उन्मुक्ती र राष्ट्रिय प्रजातन्त्र पार्टीको समर्थनमा मुख्यमन्त्री बनेका हुन् । ४ पार्टीको समर्थनमा मुख्यमन्त्री बनेका रावललाई नागरिक उन्मुक्तिको साथ नपाएको अवस्थामा भने बिश्वासको मत पाउन समस्या हुने देखिन्छ ।

सभामुख निर्वाचनमै दुई पटक मत नहालेको उन्मुक्तीले फेरी रेशम चौधरी लगायत टिकापुर घटनाका राजबन्दी रिहाइको माग अघी सारेपछि रावललाई बिश्वासको मत लिन चुनौती देखिएको छ ।प्रधानमन्त्री पुस्पकमल दाहालले थारु समुदायलाई माघी उपहार दिनेगरी माघी अघीनै रेशम सहित बन्दीहरुलाई रिहाई गर्ने प्रतिबद्धता गरे अनुसार पार्टीका सांसदहरु माघीसम्म कुरिरहेका थिए । तर उनिहरुको माग पुरा नभएपछि प्रदेशको सभामुखमा उन्मुक्तीका सांसदहरुले मत हालेनन् । संघमा भएको सहमती अनुसार चाँडै माग पुरा गर्ने आश्वासन पाएपछि मात्रै तेश्रो पटकको मतदानबाट उनिहरुले माओवादी केन्द्रका भिम भण्डारीलाई मत हाले । सभामुख र उप सभामुखमा मत हालेको नागरिक उन्मुक्तीले माग पुरा नभए मुख्यमन्त्रीलाई बिश्वासको मत नदिने अडान अघी सारेको छ ।

नागरिक उन्मुक्ती पार्टी सुदूरपश्चिम प्रदेशसभा संसदिय दलका नेता रामेश्वर चोधरीले प्रधानमन्त्रीलेनै थारुहरुको महान पर्व माघीको अवशरमा उपहार दिनेगरी रेशम सहित राजबन्दी रिहाइको प्रक्रिया थाल्ने बताएपनि त्यो माग पुरा नभएकै कारण सभामुखलाई मतदान नगरेको बताए । 'पहिलो दिन हाम्रो केही प्रदेशसभा सदस्यहरुले मत हाल्नुभयो र पुगेन उनले भने 'दोश्रो पटक हामी तठस्थ बसेका थियौं, त्यसपछि केन्द्रिय तहमा नेताहरुबिच सहमती भएपछि हामीले सभामुख र उप सभामुखमा सत्ता गठबन्धनलाई सघाएका हौं ।'

हामीलाई केन्द्रिय तहबाट सभामुख र उप सभामुखमा मात्रै मत हाल्नु भन्ने निर्देशन छ,' उनले भने, 'मुख्यमन्त्रीले बिश्वासको मत लिनुअघी हाम्रा माग पुरा भए सहजै हामी गठबन्धनमा आबद्ध हुने छौं, माग पुरा नभए नागरिक उन्मुक्ति पार्टी मुख्यमन्त्रीलाई बिश्वासको मत दिन बाध्य हुने छैन ।'

सत्तारुढ दलहरुपनि नागरिक उन्मुक्ती पार्टीले अघी सारेका माग सम्बोधन गराउने तर्फ केन्द्रित भएका छन् । पार्टीका शिर्ष नेताहरुसंग छलफल गर्दै संघ सरकार मार्फत ति मुद्धा सक्दो चाँडो सम्बोधन गराउने तर्फ प्रदेशका नेताहरुपनि केन्द्रित छन् । मुख्यमन्त्रीले बिश्वासको मत लिनुअघीनै मुद्धा सम्बोधनको प्रकृयामा लैजानुपर्नेमा उनिहरको जोड छ ।

माओवादी केन्द्रका प्रदेशसभा सदस्य अक्कल रावलले केन्द्रमै सहमती भए पश्चात नागरिक उन्मुक्तीले सभामुख र उप सभामुखमा मतदान गरेको बताए । 'प्रदेश सरकारले गर्ने कुरा खाशै केही छैन, केन्द्रिय नेतृत्वलाई माग राख्ने कुरा हो,' उनले भने 'केन्द्रकै सहमतीले उहाँका माग मुद्धा सम्बोधन हुनेछन् र मुख्यमन्त्रीले बिश्वासको मत त पाइहाल्नुहुन्छ ।'

मुख्यमन्त्रीलाई बिश्वासको मत माग्न र नागरिक उन्मुक्तीलाइपनि सरकारमा सहभागी गराउनका लागी छलफल गर्न मुख्यमन्त्री रावल, मन्त्री खगराज भट्ट लगायतको टिम काठमाण्डौं जाने भएका छन्। मुख्यमन्त्री रावल आज प्रदेश मन्त्रीको भाग बण्डा र रेशम चौधरी संग कुरा गर्न काठमाण्डौं जान लागेका हुन् । उनि संगै नेकपा माओबादी केन्द्र सुदूरपशिचम प्रदेश संसदीय दलका नेता खगराज भट्टपनि काठमाण्डौं जाने बुझिएको छ । उनिहरुले नागरिक उन्मुक्तीका संरक्षक रेशम चोधरीलाई डिल्ली बजार कारागारमै भेटेर सरकारको भागबण्डाको बिषयमा समेत छलफल गर्ने जनाइएको छ । यस संगै पार्टी शिर्ष नेताहरुसंगको सल्लाहपछि मात्रै सुदूरपश्चिमको मन्त्रीपरिषदलाई पुर्णता दिने तयारीमा नेताहरु छन् ।

# आगलागीका कारण दार्चुलामा टेलिकमको लिंक टावरमा क्षति

**पोष्ट संवाददाता**

धनगढी । दार्चुलाको व्यास गाउँपालिका स्थित छाङरुङको कौवामा आगलागी हुँदा नेपाली टेलिकमको टावरमा क्षेति पुगेको छ ।

नेपाल, भारत र चीनको त्रिदेशीय क्षेत्रमा पर्ने छाङरुङ कौवाको जंगलमा लागेको आगोका कारण टेलिकमको टावरमा क्षेति पुगेको हो। पुस १४ गते भएको आगलागीबाट सयौं रुख जलेका छन् भने ज्याक्ति भन्ने स्थानमा रहेको नेपाल टेलिकमको लिंक टावर बन्द भएको जिल्ला प्रशासन कार्यालय दाचुलाले जनाएको छ । मोबाइल टावर कौवाक्षेत्रको वनमा नोक्सानी भएको उक्त आगलागीको कारण भने खुलेको छैन ।

हिमपात र अत्यधिक चिसोका कारण व्यासका स्थानीय वासिन्दा सदरमुकाम झरिसकेका छन् । अहिले व्यासको छाङरुमा सशस्त्र प्रहरी र नेपाल प्रहरीको टोली मात्र छ । सुरक्षाकर्मीको टोली व्यासमै रहेको बेला भएको आगलागीले व्यासका स्थानीयमा शंका उब्जिएको छ । छाङरु गाउँबाट ३ किलोमिटरको दूरीमा अवस्थित कौवाक्षेत्रको बसुन्धरा जंगलमा आगलागी भएको प्रहरीले जनाएको छ । आगलागीबाट केही रुख र झाडी जलेको छ भने टेलिकमको लिंक टावरमा पनि क्षति पुगेको जिल्ला प्रहरी कार्यालय दार्चुलाले जनाएको छ । आगलागीको कारण भने खुल्न नसकेको प्रहरीले बताएको छ ।

कौवाक्षेत्रमा भएको आगलागी भोलिपल्टै नियन्त्रणमा लिइएको छाङरुस्थित सशस्त्र प्रहरी बलको ५१ नम्बर गुल्मका गुल्मपति डिएसपी ईश्वरीदत्त भट्टले बताए । शुरुमा टेलिकमको टावरमा राखिएको सौर्य उर्जा प्रणालीमा विद्युत सर्ट हुँदा आगलागी भएको प्रहरी र सशस्त्र प्रहरीले जनाएको छ ।

आगलागी वनक्षेत्रमा भएको र टेलिकमको टावरसम्म वनक्षेत्रबाट आगो पुगेको टेलिकम दार्चुलाका प्रमुख गुरुङले बताएका छन्। कौवाक्षेत्रको वनमा आगलागी भएको जानकारी प्राप्त भए पनि क्षतिको विवरण र आगलागीको कारण खुल्न नसकेको अपी नाम्पा संरक्षण क्षेत्रका प्रमुख संरक्षण अधिकृत नुरेन्द्र अर्यालले बताए ।

कौवाक्षेत्रमा भएको आगलागीबारे जानकारी प्राप्त भएको र यस्ता घटनामाथि निगरानी बढाउन र सुरक्षा गस्ती बढाउन निर्देशन दिइएको दार्चुलाका प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायले बताए । आगलागीबाट अवरुद्ध मोबाइल सेवा सञ्चालनका लागि १/२ दिनमै टेलिकमको प्राविधिक टोली छाङरु पठाउन लागिएको टेलिकम दार्चुलाका प्रमुख कृष्णबहादुर गुरुङले बताए ।

# गोदावरी नगरस्तरिय 'प्याब्सन फेस्टिबल' सुरु



फोस्टीबलको उद्घाटन सत्रमा नृत्य प्रस्तुत गर्दै विद्यार्थीहरु

**पोष्ट संवाददाता**

धनगढी । कैलालीको अत्तरियामा गोदावरी नगरस्तरिय 'प्याब्सन फेस्टिबल' सुरु भएको छ । निजी तथा आवासिय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) गोदावरी नगर कमिटीको आयोजनामा बुधबार देखि 'प्याब्सन फेस्टिबल' सुरु भएको हो ।

फेस्टिवलको एक कार्यक्रमका बीच गोदावरी नगरपालिकाका नगरप्रमुख बिरेन्द्र भट्टले उद्घाटन गरेका छन् । फेस्टिवलको उद्घाटन गर्दै नगरप्रमुख भट्टले शिक्षाको विकासका लागि निजी विद्यालयको महत्तपूर्ण भूमिका भएकाले यसलाई राज्यले फरक दृष्टिकोणले हेर्न नहुने बताए ।

'निजी क्षेत्रबाट संचालित विद्यालयलहरुले शैक्षिक गुणस्तरलाई अगाडी बढाएको देखिन्छ' उनले भने 'म निजी क्षेत्र संग मिलेर काम गर्न तयार छु। यसका लागि सबैलाई हातेमालो गर्न अनुरोध गर्दछु ।'

उनले शिक्षा क्षेत्रमा आमुल परिवर्तन ल्याउनको लागि के कस्ता काम गर्न सकिन्छ त्यसका लागि नगरपालिकालाई सुझाव दिन आग्रह गरे । उनले प्रतिस्पर्धा विना कुनै पनि क्षेत्रलाई अगाडी बढाउन नसकिने बताए ।

उद्घाटन कार्यक्रममा बोल्दै नगरपालिकाकी उपप्रमुख सारदा रोकायाले बालबालिका नै देशको कर्णधार भएकाले बालबालिकालाई राम्रो शिक्षा दिन आवश्यक रहेको बताइन् । उनले बालबालिकाको सर्वाङ्गिण विकास गर्नको लागि खेलकुदको पनि महत्तपूर्ण भूमिका हुने बताइन् ।

कार्यक्रममा बोल्दै सुदूरपश्चिम प्रज्ञा-प्रतिष्ठानका उपकुलपति टिएन जोशीले शिक्षा क्षेत्रको विकासका लागि निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको बताए । उनले प्याब्सलनले जिल्लामै राम्रो नतिजा दिइरहेको बताए । उनले सुदूरपश्चिम प्रज्ञा-प्रतिष्ठानलाई पनि शिक्षा संग जोडेर विद्यार्थी संग अतिरिक्त क्रियाकलाप गर्नुको लागि योजना अगाडी सारेको बताए ।

प्याब्सन नगर कमिटी अध्यक्ष श्याम बहादुर खत्रीले विद्यार्थीलाई अतिरिक्त क्रियाकलापमा जोड्नको लागि फेस्टिवल आयोजना गरिएको बताए । 'हरेक विद्यार्थीमा अलग अलग क्षमता हुन्छन् । ति क्षमतालाई उजागर गर्नको लागि यो प्याब्सन फेस्टिवल आयोजना गरिएको हो' उनले भने 'अहिलेका बालबालिका मोबाइलमा बढी समय दिने भएकाले त्यस्ता बालबालिकालाई खेलमा जोड्न पनि यो कार्यक्रम आयोजना गरेका हौ ।'

नगर क्षेत्रमा प्याब्सनमा आवद्ध १६ विद्यालय सहभागि (**बाँकी ३ पेजमा**)

# बैतडीमा घरमै सुत्केरी हुने धेरै

**पोष्ट संवाददाता**

धनगढी । वडा वडामै प्रसुति सेवा केन्द्र स्थापना हुँदा पनि बैतडीमा घरमै सुत्केरी हुने महिलाको संख्या धेरै रहेको छ । जिल्ला स्वास्थ्य कार्यालय बैतडीका अनुसार बैतडीमा अझैपनि आधा महिलाले घरमै बच्चा जन्माउने गरेका छन् ।

प्रसुति सेवाका लागि संस्थागत सेवा लग्ने महिलाको संख्या अहिलेपनि बैतडीमा ५० प्रतिशत मात्रै रहेको जिल्ला स्वास्थ्य कार्यालय बैतडीले जनाएको छ । गर्भवती महिलामध्ये आधाले घरमै बच्चा जन्माउने गरेको स्वास्थ्य कार्यालयको तथ्यांकमा उल्लेख गरिएको छ ।

बैतडीमा हाल १ सय ३० वटा सुरक्षित महिला प्रसुती सेवा केन्द्र सञ्चालनमा रहेका भएपनि आमाहरुले घरमै बच्चा जन्माउने गरेका छन् । घरमै बच्चा जन्माएका कारण नवजात शिशुको मृत्युदर समेत बढ्दै गएको स्वास्थ्यकर्मीहरुले बताएका छन् । पछिल्लो तीन बर्षमा बैतडीमा १ सय ३० जना नवजात शिशुको मृत्यु भएको तथ्यांक रहेको छ ।

संस्थागत सुत्केरी हुनेको संख्या कम भएका कारण पनि नवजात शिशुको मृत्यु बढी हुने गरेको स्वास्थ्य कार्यालय बैतडीका प्रमुख योगेश प्रसाद भट्टले बताए । उनले भने 'स्वास्थ्य संस्थामा बच्चा नजन्माएका कारण नवशिशुहरुको मृत्यु हुने गरेको छ । विभिन्न खालका जटीलता आउने र घरमा ती जटीलता व्यवस्थापन गर्न नसकिने हुँदा नवजात शिशुको मृत्यु हुने गरेको छ ।'

स्वास्थ्य संस्थामा गएर बच्चा जन्माउने आमाको तथ्यांक हेर्दा समग्रमा पछिल्ला तीन बर्षमा केही सुधार भएपनि केही पालिकाको अवस्था भने नाजुक रहेको स्वास्थ्य कार्यालय बैतडीका सूचना अधिकारी विपीन लेखकले बताए ।

आर्थिक बर्ष २०७६/७७ मा संस्थागत सुत्केरीको संख्या ३७ प्रतिशत रहेकोमा आर्थिक बर्ष २०७७/७८ मा त्यो संख्या बढेर ४६ प्रतिशत पुगेको थियो । अघिल्लो आर्थिक बर्ष २०७८/७९ मा संस्थागत सुत्केरी हुनेको संख्या ५० प्रतिशत पुगेको छ । अहिले पनि गर्भवती आमा मध्ये आधाले घरमै बच्चा जन्माउने गरेको तथ्यांकले देखाएको छ ।

जिल्लाको डिलाशैनी गाउँपालिका, पञ्चेश्वर गाउँपालिका, शिवनाथ गाउँपालिका र सिगास गाउँपालिकामा संस्थागत सुत्केरी हुनेको संख्या घट्दै गएको छ । यस्तै सुर्नया गाउँपालिका,(**बाँकी३पेजमा**)

# बझाङमा एक महिला मृत फेला

**पोष्ट संवाददाता**

धनगढी । बझाङमा एक महिला मृत फेला परेकी छन् । जिल्लाको बुंगल नगरपालिका वडा नम्बर ६ कफलसेरीकी ४५ वर्षीया मोहना दमाई मृत फेला परेकी हुन् ।

उनी कफलसेरी खोलामा मंगलबार मृत अवस्थामा फेला परेकी थिइन् । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# नगर शिक्षकले प्रचारात्मक आन्दोलन गर्दै

**पोष्ट संवादाता**

धनगढी । कैलालीको गोदावरी नगरपालीकाका नगर शिक्षक प्रचारात्मक आन्दोलन गर्न थालेका छन् ।

समयमै तलव नपाएको भन्दै गोदावरी नगरपालिका भित्र कार्यरत नगर शिक्षकले बुधबार देखि प्रचारात्मक आन्दोलन थालेका हुन् । समयमै तलब पाउनु पर्ने, तलब वृद्धि गर्नुपर्ने लगायतका माग राख्दै प्रचारात्कम आन्दोलन उत्रिएको उनीहरुले बताएका छन् । नगर शिक्षक लगायत सहजकर्ता र विद्यालयका कर्मचारीहरुले कार्तिक देखि तलब नपाएको भन्दै विरोध गर्दै आइरहेका छन् ।

गोदावरी नगर शिक्षक समिति, नेपाल राहत शिक्षक समिति, एकिकृत अखिल नेपाल शिक्षक संगठन र नेपाल राष्ट्रिय शिक्षक संगठनले सँयुक्त प्रेस विज्ञप्ती जारी गर्दै २ दिन आन्दोलन गर्ने बताएका छन् । उनीहरुले आफ्ना माग सम्बोधन नगरे पौष ६ गते नगरपालिका अगाडी विरोध सभा समेत गर्ने जनाएका छन् । उनीहरुले, समयमै तलव भुक्तान नहुँदा ज्याला पाउनुपर्ने अधिकारबाट बञ्चित भएको बताएका छन् ।

'हामीहरु यो अन्याय भोगिरहेका छौं, हामीले तलव समयमा नपाउँदा हामीहरु प्रताडित भएका छौं,' नगर (**बाँकी ३ पेजमा**)

# प्रतिपक्षविहीन संसद र मूल्यहीन कांग्रेस

डा. विक्रम तिमिल्सिना

प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएपछि कांग्रेस सभापति शेरबहादुर देउवा एमाले अध्यक्ष केपी शर्मा ओली, प्रधानमन्त्री प्रचण्ड सँगसँगै ।

संसदीय लोकतन्त्रमा प्रतिपक्षको महत्वबारे राजनीतिशास्त्रका विचारक तथा अनुसन्धाताहरूले प्रशस्तै मसी सिध्याएका छन्। ती अध्ययनहरूको मूल मर्म यही छ कि बलियो र प्रभावकारी प्रतिपक्ष विनाको सरकारले जनताको भावना र स्वार्थ हैन सरकारी दल र तिनकै नेताका स्वार्थ र हितलाई प्राथमिकता दिन्छन्। हुन त संसदीय व्यवस्थाका पनि अनेक प्रकृति र प्रकार छन्। जस्तो कि राजतन्त्रसहितको लोकतन्त्र र गणतन्त्र, अनि दुईदलीय र बहुदलीय लोकतान्त्रिक प्रणाली। जतिसुकै फरक प्रकृति र परिवेश भए पनि संसदीय लोकतन्त्रमा प्रतिपक्षको भूमिका भनेको सत्तालाई जिम्मेवार बनाउने नै हो। सत्तापक्ष सरकार चलाउन असफल भए जिम्मेवारी लिन आफू अघि सर्नु प्रतिपक्षको परिभाषित काम हो ।

सरकार र प्रतिपक्ष जहाँ रहे पनि हरेक जिम्मेवार राजनीतिक दलको मूल जिम्मेवारी देश र जनताको पक्षमा काम गर्नु हो। तर लोकतन्त्रमा सरकार आफैं जिम्मेवार नहुनसक्ने हुनाले उसको कामलाई प्रभावकारी बनाउँदै जनताप्रति जिम्मेवार गराउन बलियो र संगठित प्रतिपक्षको परिकल्पना गरिएको हो। राजनीतिशास्त्रीय मान्यता र संसदीय लोकतन्त्रको प्रतिपक्षसम्बन्धी यिनै सैद्धान्तिक आलोकमा हेर्दा अहिले नेपाली कांग्रेस आफ्नो जिम्मेवारीबाट च्यूत भएको छ। प्रचण्ड सरकारलाई विश्वासको मत दिएर नेपाली कांग्रेसले आफूलाई सत्ताको प्रत्यक्ष सहयोगीको भूमिकामा उभ्याएको छ र प्रमुख प्रतिपक्षको भूमिकाबाट विमुख बनेको छ ।

२०४६ को परिवर्तनपछि सबभन्दा बढी सत्तामा पुगेको दल नेपाली कांग्रेस नै हो। उसलाई सत्ताको स्वाद थाहा छ, तर जिम्मेवारी थाहा छैन। ऊ आफूलाई लोकतान्त्रिक दल त भन्छ तर उसले लोकतन्त्रको मूलभूत मान्यताहरूलाई लत्याउँदै आएको छ। सत्तामा त ऊ खासै सफल हुन सकेन, तर प्रतिपक्षमा पनि उसले आफ्नो भूमिका कहिल्यै प्रभावकारी गराउन सकेन। जिन्दगीभर राजनीति गरेका र राजनीतिको केन्द्रमा रहेका कांग्रेस सभापति शेरबहादुर देउवा यस मामलामा अत्यन्तै असफल सावित भएका छन्। दुई महामन्त्रीसहित केही नेता मात्र देउवाको गलत संसदीय अभ्यासको विपक्षमा उभिनुले कांग्रेस कुन दिशामा अघि बढ्न खोज्दैछ भन्ने संकेत गरेको छ ।

अघिल्लो ओली सरकारकै पालामा व्यावहारिक रूपमा त देउवाले नेपाली कांग्रेसलाई प्रतिपक्षी बेन्चमै बसेर सत्ताको मतियार बनाइसकेका थिए। अब एक कदम अगाडि बढेर कांग्रेसइतर गठबन्धनकै बहुमत निश्चित भइसकेको अवस्थामा अनावश्यक मत दिएर सैद्धान्तिक र व्यावहारिक दुवै दृष्टिले कांग्रेस प्रभावकारी प्रतिपक्ष हैन कि सत्ताकै मतियार हो भन्ने प्रष्ट सन्देश दिएका छन्। महामन्त्री गगन थापाले सत्ताको स्वाद चाखेर प्रतिपक्ष हुन मिल्दैन त भनेका छन् तर देउवाले कांग्रेसलाई हिंडाउन खोजेको बाटो त्यही हो भन्नेमा कुनै शंका बाँकी रहेन ।

यसमा नेपाली कांग्रेस र खासमा देउवाको रणनैतिक स्वार्थ छ, तर त्यो स्वार्थको फोहोरी खेलमा देउवाले नेपाली कांग्रेसले लिई आएको मूल्यमान्यतालाई कसरी तिलाञ्जली दिएका छन् भन्ने बारे यथोचित चर्चा भएको छैन। हेर्दाहेर्दै फुत्केको सत्ता कसरी पुनः हत्याउन सकिन्छ भन्नेमा चिन्तन गर्न व्यस्त कांग्रेसका नेताहरूलाई आफ्नो मूल्यमान्यताको बारेमा सोच्ने फुर्सद नै मिलेको छैन। नेपालका दल र नेता आफ्नो आदर्श र उद्देश्यबाट च्यूत हुने कुरा सामान्य रूपमा लिन हामी पनि अभ्यस्त भइसकेका छौं। यो अभ्यस्तता नेपाली लोकतन्त्रका लागि हानिकारक भएकाले यसको चिरफार आवश्यक भएको छ ।

## संसदीय लोकतन्त्रमा प्रतिपक्ष

संसदको बहुमत प्राप्त नगरेको सबभन्दा ठूलो दल या दलहरूको गठबन्धनलाई प्रतिपक्ष भनिन्छ। दुईदलीय प्रणाली अन्तर्गत भने सामान्यतया संसदमा दोस्रो ठूलो दल प्रतिपक्ष हुने गर्दछ। प्रतिपक्षलाई प्रमुख प्रतिपक्ष र आधिकारिक प्रतिपक्ष भन्ने प्रचलन पनि रहेको छ। संसदीय लोकतन्त्रको एउटा महत्वपूर्ण तत्व प्रतिपक्ष हो किनकि लोकतन्त्रकै मर्म र दीर्घायु प्रतिपक्षको भूमिकामा पनि निर्भर गर्दछ। त्यसैले यस व्यवस्थाका लागि प्रतिपक्ष आवश्यक होइन, अपरिहार्य मानिन्छ। विख्यात राजनीतिशास्त्री रोबर्ट ए. डालले त्यसैकारण प्रतिपक्षको अस्तित्वलाई लोकतन्त्रको झन्डै सबभन्दा विशिष्ट विशेषताका रूपमा चित्रित गरेका छन् ।

सरकारको नीति तथा कामकारबाहीको अर्थपूर्ण आलोचना र विरोध गर्नु, कमजोरी या असफलतामा टेकेर उसलाई प्रतिस्थापन गर्न कोसिस गर्नु प्रतिपक्षको मुख्य काम हो। प्रतिपक्षको मूल धर्म सरकारलाई जनताप्रति जिम्मेवार बनाउने भएकाले उसका हरेक विरोध तर्कसंगत र जनमुखी उद्देश्यले प्रेरित हुन जरुरी छ। प्रतिपक्षले सरकारका कामकारबाहीको विभिन्न तरिकाले छानबिन गर्न सक्छ। उसले संसदमा प्रभावकारी ढङ्गले सरकारका नीति, कार्यक्रम र तिनको कार्यान्वयनबारे प्रश्न सोध्न सक्छ, र विभिन्न संसदीय समितिमा बसेर र ती समितिको नेतृत्व गर्दै सरकारको कामकारबाहीमा गम्भीर प्रश्न उठाउन सक्छ । प्रतिपक्षले संचारमाध्यमको प्रयोगबाट पनि सरकारलाई प्रश्न गर्नुपर्छ, चुनौती दिनुपर्छ । सरकारलाई गैरजिम्मेवार, भ्रष्ट र निरंकुश हुनबाट रोक्ने सबभन्दा ठूलो जिम्मेवारी प्रतिपक्षकै हो ।

प्रतिपक्षको उद्देश्य भनेको प्रतिपक्षता देखाउनु हो। ऊ मौका आउँदा र आवश्यक हुँदा शक्ति लिन पनि तयार भएर बस्नुपर्छ। त्यसैले प्रतिपक्षलाई 'गभर्मेन्ट इन वेटिङ' पनि भन्ने गरिन्छ। तर प्रतिपक्ष सरकारको अङ्ग हुन मिल्दैन। उसले त सरकारको विरोध गर्ने र मौका आउँदा आफैं सरकारमा जाने हो, सरकारसँगै मिलेर सत्तामा प्रत्यक्ष अप्रत्यक्ष भाग खोज्ने होइन। संविधानप्रति उदार हुनुपर्ने हुनाले संसदीय लोकतन्त्रमा प्रतिपक्षलाई उदार प्रतिपक्ष पनि भन्ने गरिन्छ। त्यही मान्यताले सरकार र प्रतिपक्षलाई एउटा नियमित प्रतिस्पर्धामा बाँधेको हुन्छ र त्यसैको बलमा विधिको शासन चलेको हुन्छ। तर उदार प्रतिपक्षको अर्थ प्रतिपक्ष सरकारप्रति उदार हुनुपर्छ भन्ने होइन। प्रतिपक्ष सरकारप्रति उदार हुनु भनेको त लोकतन्त्रको मृत्यु निम्त्याउनु हो।

सरकारको काम शासन गर्ने हो र प्रतिपक्षको काम शासकका कमी-कमजोरीमा प्रश्न उठाउने। त्यसका लागि मूल थलो संसद हो। संसद कति स्वस्थ र प्रभावकारी छ भन्ने कुरा प्रतिपक्ष कति जिम्मेवार र प्रभावकारी छ भन्नेमा निर्भर गर्दछ। त्यसैले त संसद प्रतिपक्षको हो भन्ने गरिन्छ। प्रतिपक्षी दललाई जिम्मेवार र प्रभावकारी बनाउने प्रमुख दायित्व प्रतिपक्षी दलको नेताको हुन्छ। त्यसो भए कसरी प्रतिपक्ष दलको नेता प्रभावकारी हुनसक्छ त ? मूलरूपमा वैकल्पिक नीति निर्माण र कार्यान्वयन गर्ने क्षमता, आफ्नै दल व्यवस्थापन गर्ने खूबी, आकर्षक राजनीतिक व्यक्तित्व र सार्वजनिक संचार कौशल भएको व्यक्ति प्रतिपक्षी नेताको रूपमा सफल हुन सक्दछ।

## देउवा र कांग्रेसले गरेको गल्ती

सरकार निर्माणका लागि संसदको बहुमत सदस्यको समर्थनसहित दाबी प्रस्तुत गर्न राष्ट्रपतिले दिएको समयसीमा सकिन लाग्दासमेत नेपाली कांग्रेससँग कुरा नमिलेपछि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड बालकोट हान्निए र एमाले अध्यक्ष केपी ओलीसँग आफ्नो नेतृत्वमा सरकार निर्माणको लागि सहमति बनाए। एकाएक निर्वाचनपूर्व बनेको गठबन्धन ढल्यो र नयाँ गठबन्धन निर्माण भयो। यस्तो अप्रत्यासित घटनाबाट चकित र दुःखित नेपाली कांग्रेसले अर्को अप्रत्यासित घटनालाई निम्त्यायो। उसले आमअपेक्षा विपरित एमाले-माओवादी-रास्वपा-राप्रपासहितको गठबन्धनले समर्थन गरेको प्रचण्ड सरकारलाई संसदमा विश्वासको मत दियो ।

कांग्रेस नेतृत्वमा सरकार बन्न नसक्ने अवस्था र कांग्रेसको मतविना माओवादीको पनि बहुमत नपुग्ने अवस्था भएको भए संविधान रक्षाको लागि सरकार बन्न सहयोग गर्नको लागि कांग्रेसले मत हालिदिएको मान्न सकिन्थ्यो र त्यो अवस्थामा नेपाली कांग्रेसलाई उदार प्रतिपक्षको रूपमा लिन सकिन्थ्यो। तर एमाले, रास्वपा र राप्रपाको समर्थनमा अघि बढेका प्रचण्डलाई सरकार निर्माणको लागि नेपाली कांग्रेसको साथ चाहिएको थिएन। खासमा कांग्रेसको साथ छोडेरै प्रचण्ड ओली निवास पुगेका थिए र ओलीसँग गठबन्धन गरेपछि देउवाको समर्थनको आशा त प्रचण्डले पनि गरेका थिएनन्।

स्वार्थका लागि संसदीय मूल्यमान्यतालाई लात मार्न जहिल्यै खप्पिस, संसदीय खेलका माहिर खेलाडी देउवा आफ्नो रणनैतिक हारपछि आफ्नै विरुद्ध बनेको गठबन्धनको समर्थनमा प्रचण्डलाई नै प्रधानमन्त्रीमा सघाउन तयार भए। बहुमत भएको गठबन्धनभन्दा बाहिर मात्र हैन संसदकै ठूलो दलको रूपमा सरकारभन्दा बाहिर रहने अवस्थामा उनको जिम्मेवारी आफ्नो दललाई प्रमुख प्रतिपक्षको रूपमा उभ्याउनुहुन्थ्यो। सरकारलाई गलत गर्नबाट रोक्न र जिम्मेवार बनाउनका लागि भूमिका खेल्नुपर्ने हुन्थ्यो । उनको दलले पछ्याएको सिद्धान्त र नेपालको संविधानको मर्म पनि त्यही थियो ।

के देउवाले प्रतिपक्षमा बस्नको लागि प्रचण्ड सरकारलाई मत दिनु आवश्यक थियो ? प्रचण्ड सरकारलाई संसदको झन्डै शतप्रतिशत मत पुऱ्याइदिएर अब प्रतिपक्षमै छु भन्ने कांग्रेसलाई (देउवालाई हैन) यसबाट के फाइदा ? के कुनै संवैधानिक बाध्यता विना सरकार बनाउन संसदमा मत हालेको दल अर्थपूर्ण प्रतिपक्ष हुन सक्छ ?

सरकारलाई मत दिनु भनेको सरकार बनाउन सहयोग गर्नु हो। के प्रतिपक्षको भूमिका सरकार बनाउने हो? अहिले कांग्रेसका केही नेताले जिब्रो चपाएर प्रचण्डलाई प्रधानमन्त्रीको रूपमा मत हाल्ने दलको निर्णयको बचाउ गरे पनि कुनै पनि नेताले पत्याउन लायक धारणा व्यक्त गर्न सकेका छैनन् । त्यसको कारण हो देउवा र उनको दलको त्यो कदम संसदीय लोकतन्त्रमा प्रतिपक्षसम्बन्धी सिद्धान्तको ठाडो उल्लङ्घन थियो ।

नयाँ परिस्थितिमा देउवा गठबन्धन बाहिर थिए। नेपाली कांग्रेस न सरकारको नेतृत्व लिन सक्ने स्थितिमा थियो, न त सरकारमा सामेल हुनसक्ने परिस्थिति नै थियो। परिस्थितिले नेपाली कांग्रेसलाई प्रतिपक्षमै पुऱ्याइदिएको थियो। तर समयको यो माग र संसदीय लोकतन्त्रको मान्यता स्वीकार्न कांग्रेसलाई गाह्रो परिरहेको थियो। सरकारको नेतृत्व निश्चित देखेरै बूढानीलकण्ठ निवास मर्मतसम्भार गराइराखेका देउवालाई तत्काल घरभाडामा खोज्नुपर्ला भन्ने परिकल्पनै थिएन। नसोचेका कुरा हुन्छन् नै, भएरै पनि छाड्यो। तर देउवा त्यो स्वीकार्न तयार भएनन् । र त संसदीय मूल्यमान्यतालाई लात हानेर कुनै बेला ओली-प्रचण्ड गठबन्धनमा छिर्के लगाउन पाइन्छ भनेर दाउ हेर्न प्रचण्ड नेतृत्वको सरकारलाई विश्वासको मत दिए ।

अब आफैंले विश्वासको मत दिएको प्रधानमन्त्री र उनको सरकारलाई कसरी अविश्वास गर्ने नेपाली कांग्रेसले ? हामी प्रतिपक्षमै छौं भनेको छ उसले तर प्रतिपक्षको धर्म अब कसरी निभाउँछ ? आफैंले बनाएको सरकारको नीति तथा कामकारबाहीको अर्थपूर्ण आलोचना र विरोध अब कसरी गर्छ नेपाली कांग्रेसले ? अब उसले सरकारलाई जनताप्रति जिम्मेवार बनाउन कस्तो प्रतिपक्षीय भूमिका निर्वाह गर्न सक्छ ?

प्रतिपक्षले सरकारका कामकारबाहीको छानबिन गर्नुपर्दछ। उसले संसदमा प्रश्न सोध्नुपर्छ, संसदीय समितिमा प्रश्न उठाउनुपर्छ, संचारमाध्यममार्फत सरकारलाई प्रश्न गर्न र उसलाई चुनौती दिनुपर्छ। सरकारलाई गैरजिम्मेवार, भ्रष्ट र निरंकुश हुनबाट रोक्ने सबभन्दा ठूलो जिम्मेवारी उसकै हो। सरकारलाई अविश्वास गरेर उसले यसो गर्ने हो। तर नेपाली कांग्रेसले त प्रचण्ड नेतृत्वको सरकारलाई विश्वासको मत दिइसकेको छ। अब उसले प्रतिपक्षको भूमिका जिम्मेवारीपूर्वक कसरी पूरा गर्न सक्छ ? सक्दैन।

प्रतिपक्षको उद्देश्य प्रतिपक्षता देखाउनु हो, विश्वासको मत दिएर सघाउनु होइन। नेपाली कांग्रेसले सघाइसकेको छ। ऊ 'गभर्मेन्ट इन वेटिङ' को रूपमा होइन, 'अपोजिसन विदिन द गभर्मेन्ट'को रूपमा देखापरेको छ। सरकारको विरोध गर्ने र मौका आउँदा आफैं सरकारमा जाने धैर्य उसले देखाउन सकेन। संविधान, देश र जनताप्रति उदार हुनुपर्ने नेपाली कांग्रेस प्रचण्ड सरकारप्रति उदार देखियो। यो लोकतान्त्रिक पद्धतिको लागि गम्भीर क्षय हो।

*सरकारको नीति तथा कामकारबाहीको अर्थपूर्ण आलोचना र विरोध गर्नु, कमजोरी या असफलतामा टेकेर उसलाई प्रतिस्थापन गर्न कोसिस गर्नु प्रतिपक्षको मुख्य काम हो। प्रतिपक्षको मूल धर्म सरकारलाई जनताप्रति जिम्मेवार बनाउने भएकाले उसका हरेक विरोध तर्कसंगत र जनमुखी उद्देश्यले प्रेरित हुन जरुरी छ। प्रतिपक्षले सरकारका कामकारबाहीको विभिन्न तरिकाले छानबिन गर्न सक्छ । उसले संसदमा प्रभावकारी ढङ्गले सरकारका नीति, कार्यक्रम र तिनको कार्यान्वयनबारे प्रश्न सोध्न सक्छ, र विभिन्न संसदीय समितिमा बसेर र ती समितिको नेतृत्व गर्दै सरकारको कामकारबाहीमा गम्भीर प्रश्न उठाउन सक्छ । प्रतिपक्षले संचारमाध्यमको प्रयोगबाट पनि सरकारलाई प्रश्न गर्नुपर्छ, चुनौती दिनुपर्छ ।*

प्रतिपक्षी बनेर बस्नुपर्ने नेपाली कांग्रेसले सत्ताका लागि मत दिएर संसदलाई अस्वस्थ बनाइदिएको छ भने आफूलाई गैरजिम्मेवार पुष्टि गरेको छ। यसमा मूल रूपमा नेपाली कांग्रेसका सभापति देउवाको भूमिका छ। प्रतिपक्षी दललाई जिम्मेवार र प्रभावकारी बनाउने प्रमुख दायित्व प्रतिपक्षी दलको नेताको हुने हुनाले यो गलत कदमको श्रेय पनि उनैले लिनुपर्छ ।

अघिल्लो ओली सरकार हुँदा नेपाली कांग्रेस सैद्धान्तिक हिसाबले त प्रतिपक्षमा थियो तर व्यवहारमा देउवाले संवैधानिकलगायत राज्यका विभिन्न निकायमा भाग खोजे र प्रतिपक्षको मर्ममै प्रहार गरे। अहिले त सरकारलाई विश्वासको मत दिएर देउवाले एककिसिमले प्रतिपक्षताकै हत्या गरिदिए ।

देउवा जिन्दगीभरि नै लोकतन्त्रका लागि लडेको दाबी गर्छन्। यही व्यवस्थाभित्र पाँच-पाँच पटक प्रधानमन्त्री भइसकेका छन्। उनले अलिकति भए पनि मूल्यको राजनीति गर्नुपर्थ्यो। अलिकति नेपाली कांग्रेसलाई र अलिकति लोकतन्त्रलाई माया गर्न सक्नुपर्थ्यो।

उनले प्रतिपक्षमा बसेर अहिले सरकारको रक्षा होइन प्रतिपक्षता निभाउनुपर्थ्यो। उनले सरकार असफल हुँदा र मौका आउँदा लागू गर्न वैकल्पिक नीति निर्माण गर्न समय दिनुपर्थ्यो। न उनले हिजो त्यसो गरे न आज नै। प्रतिपक्ष हुँदा वैकल्पिक र बलियो नीति निर्माण र कार्यान्वयनमा उनी सधैं पछाडि परे। चाहे प्रतिपक्षमा हुँदा होस् या सत्तामा, आफ्नै दल व्यवस्थापन गर्ने खूबी समेत उनमा देखिएन। आफ्नै दल फुटाएको कलंक बरु उनले बोकेका छन्। उनी राजनीतिका चतुर खेलाडीको रूपमा त चिनिए, तर उनले आफ्नो आकर्षक राजनीतिक व्यक्तित्व निर्माण गर्न कहिल्यै सकेनन् ।

सातचोटि प्रधानमन्त्री हुने लालसा अझै उनमा देखिन्छ, तर प्रत्येक पटक प्रधानमन्त्री हुँदा के गर्ने भन्ने न कुनै कार्यक्रम उनीसँग देखियो न देशलाई कतै पुऱ्याउँछु भन्ने सपना। प्रतिपक्ष दलको नेता त सरकार भन्दा बढी सुनिनुपर्छ, किनकि ऊ त जनताको 'वाच-डग' हो तर देउवा कहिल्यै त्यसरी मुखरित भएनन्। उनले प्रतिपक्षी दलको नेताको हिसाबले जनताको मुद्दा उठाएको स्मरणीय घटना सायदै होला। न उनीसँग सार्वजनिक संचारको त्यो कौशल देखियो न त जस्तो सकिन्छ त्यस्तै गरी विषय उठानको कोसिस नै उनले गरे। अर्थात् प्रतिपक्षी दलको नेताको रूपमा शेरबहादुर देउवा सधैं असफल रहे र अब सफल हुने कुनै सम्भावना पनि बाँकी राखेनन्। सरकारलाई विश्वासको मत दिएर उनले आफ्नो धरातल स्पष्ट पारी नै सकेका छन्।

## कांग्रेस हिंड्नुपर्ने बाटो

माथि उल्लेखित तथ्यहरूको आधारमा के निष्कर्षमा पुग्न सकिन्छ भने देउवा प्रभावकारी र सफल प्रतिपक्ष दलको नेता हुन सक्दैनन्। कांग्रेस महामन्त्री गगन थापाले सत्ताको लसपस भएको प्रतिपक्ष हुँदैन भनेका छन्। र यो कुरा थापाले सभापति देउवाले लसपस गरिसकेको सन्दर्भमा भनेका हुन्। संसदीय लोकतान्त्रिक मूल्यमान्यताको हिसाबले देउवा जान नहुने बाटोमा गई नै सके। चुनावपूर्व गठबन्धन गरे, जोगाउन सकेनन्। चुनावपछि प्रतिपक्षमा बस्नुपर्थ्यो, सरकारलाई विश्वासको मत दिए।

वास्तवमा अहिले नेपाली कांग्रेस न सत्तापक्ष हो, न ऊ विशुद्ध प्रतिपक्ष नै हो। यसअघि देउवाले न सरकार राम्रो चलाउन सके, न प्रभावकारी प्रतिपक्षी दलको नेता नै हुनसके। अहिले त उनले प्रतिपक्षी दलको नेता हुँ भन्न पनि नसकिने गरी दोसाँधमा आफूलाई उभ्याएका छन्। अब त देउवा राजनीतिक र नैतिक दृष्टिकोणले नेपाली कांग्रेसको सभापतिमा रहिरहन योग्य पनि छैनन्।

नेपाली कांग्रेसलाई बचाउने हो भने अब दललाई नयाँ शिराबाट अघि बढाउन अपरिहार्य भइसकेको छ। आफ्नो स्वार्थभन्दा आफ्नो दललाई माया गर्नेहरूको बहुमत यदि नेपाली कांग्रेस पार्टी पङ्क्तिमा छ भने अविलम्ब विशेष महाधिवेशन बोलाई नेतृत्व परिवर्तनको दिशामा जानु नै कांग्रेसको दीर्घजीवनको लागि लाभदायक छ। यो नेपाली लोकतन्त्रका लागि पनि आवश्यक कदम भइसकेको छ। तर विगत र वर्तमान हेर्दा नेपाली कांग्रेसको भविष्य निर्णयकर्ताहरूमा यसरी हेर्न सक्ने चेतना पलाइसकेको छ भन्नेमा आशावादी हुने ठाउँ देखिन्न। **(साभार : अनलाइन खबरबाट)**

# बिथोलिँदै मधेस आन्दोलनका मुद्दाहरु

वृषेशचन्द्र लाल

आम निर्वाचन २०७९ को विभिन्न दृष्टिकोहरुबाट धेरै विश्लेषण भइसकेको छ । आमचुनावको परिणामपछिको राजनीतिक दृश्य कहालीलाग्दो नै छ । अस्थिरताको नियति अझै तीब्रतर हुने अवस्था त छँदैछ, देशले आगामी दिनहरु कतातिर र कुन बाटो समात्ने हो, त्यसको डर पनि बढ्दै गएको स्पष्टै देखिन्छ ।

संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरु सत्ता र पदको बाँडफाँटमा मात्र लागेका छन् । नीति, योजना र कार्यक्रम बारेको बहस पार्श्वमा धकेली सकिएको स्थिति छ । समष्टिमा आमचुनावले यी सबैको बारेमा कुनै स्पष्ट दिशानिर्देश दिन सकेको छैन । देशकै यस्तो अवस्थाको बीच यी सबै विश्लेषणहरुमा मधेस एउटा प्रमुख विषय रहेको देखिन्छ ।

मधेसको कुरा उठ्दा प्रायः विश्लेषणहरुमा यहाँको राजनीति ओरालो लागेको, यहाँका नेताहरु जनसमर्थन गुमाइसकेको, सम्पूर्ण मधेस आन्दोलन र यसका मुद्दाहरु नै फिस्स भएको आमनिष्कर्ष अगाडि आएको देखिन्छ । सतही तवरले यस्ता निष्कर्ष र आकलन ठीक देखिए पनि वास्तविकता भने यही होइन ।

मधेस आन्दोलन ओरालो लागेकै हो । तथापि, यसको उकालो लाग्ने संभावना न्यून भएको भन्ने होइन । यस आन्दोलनलाई नेतृत्व गर्ने पंक्तिहरु स्खलित भएकै छन् तर, पुनर्संगठनको अठोटसहितका नयाँ पंक्तिहरुको अंकुरण पनि भएको छ र भइरहेको छ ।

## वर्तमान स्थिति

अहिलेको स्थिति हेर्दा, अवस्था वास्तवमा निराशाजन्य नै देखिन्छ । यस्तो अवस्था मधेसको मात्रै होइन, सम्पूर्ण देश र यहाँका यावत क्षेत्रहरुमा व्याप्त छ । खास गरी यहाँको राजनीतिक परिदृश्य खण्डित मानसिकताको उहापोहले ग्रसित अवस्थामा छ । देशले अभिष्ट र स्पष्ट दिशा लिन सक्ने संकेत देखिँदैन ।

मधेस र थरुहट आन्दोलनको क्रममा भएको अमानुषिक दमनमा एमाले र तिनका नेताको भूमिका बिर्सिन योग्य छैन । तथापि, यस आमचुनावको क्रममा सत्ता र विभिन्न लोभको प्रयोग गरेर एमाले तराई-मधेसमा प्रवेश गरेर आफ्नो पकड विस्तार गर्न सफल भएको छ ।

निर्वाचनको परिणामले देखिएका स्पष्ट संकेतहरु अस्थिरता र द्वन्द्वका लक्षणहरु मात्र हुन् । सीट संख्याको आधारमा सबैभन्दा ठूलो पार्टीको रुपमा आएको छ नेपाली काँग्रेस । उसको बुनियादी मान्यता लोकतन्त्र रहे पनि लोकतन्त्रभन्दा सत्ता नै प्यारोको पारा छ । तथा त्यसको निमित्त लोकतन्त्रका विभिन्न खाले बिरोधीहरुसंग भइरहेका आधारहीन गठबन्धनहरुले गर्दा स्वयं लोकतन्त्रवादीहरु विश्वस्त हुन सकिरहेका छैनन् ।

संघीयता र सीमान्तिकरणको लडाईं लडिरहेका मधेसी, थारू, आदिवासी जनजातिबारे प्रष्ट दृष्टिकोणको अभाव छ । काँग्रेसका महामन्त्रीहरुलगायत युवा नेतृत्वपंक्तिका प्रादेशिक संरचनाबारे आएका अभिव्यक्तिहरुले काँग्रेस विविधताको सम्मान र स्वशासनको अधिकारबारे अझै स्पष्ट छैन भन्ने कुरा नै प्रतिबिम्बित भएर आएको छ ।

यसरी आफ्नो स्पष्ट दिशा र वैचारिक संपुष्टताको अभावमा काँग्रेस बेलाबखत वामपन्थीहरूको उग्रराष्ट्रवादको प्रभावमा समेत लटपटिएको देखिएकै छ ।

सीट संख्याकै आधारमा दोस्रो पार्टी नेकपा एमाले संघीयताको विरोधी नै हो । संघीयता स्थापित भएपछि एमालेले नै सर्वाधिक लाभ लिए पनि एकलजातीय वर्चस्वको मानसिकताबाट अलिकति पनि मुक्त हुन सकेको कुनै संकेत देखा परेको छैन ।
मधेस र थरुहट आन्दोलनको क्रममा भएको अमानुषिक दमनमा एमाले र तिनका नेताको भूमिका बिर्सिन योग्य छैन । तथापि, यस आमचुनावको क्रममा सत्ता र विभिन्न लोभको प्रयोग गरेर एमाले तराई-मधेसमा प्रवेश गरेर आफ्नो पकड विस्तार गर्न सफल भएको छ । यसलाई मधेस आन्दोलनको पकड स्वयं मधेसमा खुकुलो भएको प्रमाणस्वरुप लिइएको छ । यो स्वाभाविक पनि हो । कुनै आन्दोलनपछि स्थिति सदैव एकैनाशको रहने निश्चितै होइन । तैपनि जायज कुराहरुप्रति उचित र उपयुक्त वैचारिक प्रतिवद्धता सहितको धार नबनेसम्म मधेसको जनमतमा देखिएको यो परिवर्तन विषयको गम्भीरताको छनक दिन्छ ।

राष्ट्रिय एकताका कुरा गरिरहँदा एकात्मक राज्य र राजतन्त्रात्मक पद्धतिमा सीमान्तीकरणमा थिचिएर रहेका मधेसी, थारु र आदिवासी जनजातिका मुद्दाहरूको एकमुष्ट् समाधान नहुँदासम्म देश एकजुट हुन नसक्ने वास्तविकताबारे समेत उनीहरु विचार मन्थन गरेर स्पष्ट निषकर्षमा पुग्न सकेका छैनन् ।

त्यस्तै सीट संख्याकै आधारमा तेश्रो राजनैतिक पार्टी माओवादी केन्द्रको संघीयता र मधेस-थरुहटप्रतिको धारणा र विचारमा कहिल्यै एकरुपता देखिएन । कथित जनयुद्धको बेला संघीयता, समावेशिता र गणतन्त्रको नारा रटिए पनि बेला बेलामा त्यसप्रतिको प्रतिवद्धतामा उलटफेर भएकै हो ।

संविधानको घोषणापूर्व संघीयताको विषयलाई थाती राखेर संविधानको घोषणामा माओवादी नेतृत्व सहमत भएको थियो । अहिलेको प्रचण्ड नेतृत्वको सरकार विभिन्नखाले शक्तिहरुबाट समर्थित भएर अडिएको र त्यसको एक प्रमुख घटक पुनरुत्थानवादीहरू समेत रहेकोबाट प्रचण्ड नेतृत्वको सरकारको अवधिमा मधेस आन्दोलनका यावत मुद्दाहरू अरु पछाडि घचेटिने आशंका उत्पन्न भएको छ ।

पुनरुत्थानवादीहरू पुनः टाउको उठाउने प्रयत्नमा छन्, जसलाई देशको यावत समस्याहरूभन्दा कसैको जन्मदिन र त्यस दिनमा सार्वजनिक विदा दिइदैछ । अर्थात् विभिन्न समयमा राष्ट्रियतामाथि सैन्य ताकत र छलकपट प्रयोग गरी एकलजातीय नियन्त्रण कायम गर्नुलाई राज्यको स्पष्ट मान्यता दिलाउनु पहिलो प्राथमिकतामा पर्दछ ।

# लम्कीमा खुकुरी प्रहार हुँदा २ जना घाइते

## घटनामा संलग्न रहेको आरोपमा ४ जना पक्राउ

**पोष्ट संवाददाता**

धनगढी । कैलालीको लम्कीचुहा नगरपालिकामा खुकुरी प्रहार हुँदा दुई जना घाइते भएका छन् । लम्कीचुहा नगपालिका १ भुरुवामा खुकुरी प्रहारबाट भुरुवामा जगत टमट्टा र राजेश टमट्टा घाईते भएका ईलाका प्रहरी कार्यालय लम्कीले जनाएको छ । सोमबार राति छिमेकीको घरमा डेगमा नाच्न गएको समयमा करीब १० बजे भएको आपसी विवाद पछि खुकुरी हानाहान भएको प्रहरीले जनाएको छ ।

विवादका कारण स्थानीय ४ जना युवाको समुहले २१ बर्षीय जगत टमट्टा र २५ बर्षीय राजेश टमट्टा माथी धारीलो हरीयार प्रहार भएको ईलाका प्रहरी कार्यालय लम्कीका प्रमुख प्रहरी निरिक्षक शंकर खड्काले बताए । घाइते दुबैजनाको लम्की स्थीत लालरत्न अस्पतालमा उपचार भइरहेको छ ।

खुकुरी प्रहारबाट घाईते भएका राजेश टमट्टाले आफुहरु आफनो कान्छा बुवाको घरमा भाईको जन्मदिन सकेर नजिकै रहेको घरजाँदै गरेको अवस्थामा एकासी आफुमाथीखुकुरी प्रहार भएको बताएका छन् । रोजगारीको शिलशिलामा भारतमा रहेका जगत र राजेश केही महिना अगाडी मात्र घर आएको बताउदै राजेशका बुवा देउमल टमट्टाले आफ्ना निर्दोश छोरामाथी ज्यानमार्ने उदेश्यले सांघातिक आक्रमण भएकोले दोषि माथी कडाभन्दा कडा कारबाहीको माग गरेका छन् ।

प्रहरीले घटनामा संलग्न ४ जनालाई पक्राउ गरेको जनाएपनी नाबालक भएकाले आरोपितहरुको नाम भने खुलाएको छैन । घटनामा संलग्न एक जना खगेन्द्र देवकोटा रहेका छन् । खुकुरी प्रहार गर्ने ३ जना १५ बर्ष मुनिका नाबालक रहेको ईलाका प्रहरी कार्यालय लम्कीका प्रमुख प्रहरी निरिक्षक शंकर खड्काले जानकारी दिए । नाचगान भइरहेको अवस्थामा डेग बन्द गरेको आबेगमा आफुहरुले खुकुरी प्रहार गरेको आरोपितहरुले स्वीकार गरी सकेको प्रहरीले जनाएको छ ।

घटनामा संलग्नलाई ज्यानमार्ने उद्योगमा मुद्दाचलाउने पनी प्रहरीले बताएको छ । तर पिडित पक्षको भने अहिले सम्म प्रहरी कार्यालय लम्कीमा जाहेरी नआएको समेत प्रहरीले जनाएको छ । यता कैलालीका पुर्वि क्षेत्रमा मोटरसाईकल चोरी, लुटपाट र धारिलो हतियार प्रहारका घटना बढेको भन्दै शान्ती सुरक्षा कायमको माग गरिएको छास्थानियले शान्ती सुरक्षाकालागी स्थानीय सरकार र प्रशासन गम्भीर हुनुपर्ने बताएका छन् ।

## बोकाको दाममा...

विश्वले अंगाल्दै गइरहेको लोकतान्त्रिक अभ्यास, एकता र सामाजिक संरचनाको विविधतापूर्ण नवआयामहरु, आर्थिक क्रियाकलाप र विश्व अर्थतन्त्रको गतिले खडा गरेका चुनौती र अवसरहरु पुनरुत्थावादीहरूले आत्मसात गर्न सकेका छैनन् ।

राष्ट्रिय एकताका कुरा गरिरहँदा एकात्मक राज्य र राजतन्त्रात्मक पद्धतिमा सीमान्तीकरणमा थिचिएर रहेका मधेसी, थारु र आदिवासी जनजातिका मुद्दाहरूको एकमुष्ट् समाधान नहुँदासम्म देश एकजुट हुन नसक्ने वास्तविकताबारे समेत उनीहरु विचार मन्थन गरेर स्पष्ट निषकर्षमा पुग्न सकेका छैनन् ।

आम निर्वाचन, २०७९ बाट उदय भएका राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी पनि वैचारिक रुपमा स्पष्ट छैनन् । राजनीतिक परिदृश्य र यसलाई नेतृत्व गर्ने पंक्तिप्रति मतदाताको आक्रोशको परिणामस्वरुप यी दलहरु उदित भएर आए पनि राष्ट्रिय मुद्दाको सम्बन्धमा समाधानको खाका कसैले प्रस्तुत गर्न सकेका छैनन्, न त यसप्रति कुनै एकाग्रता वा आकर्षण नै देखा पर्दछ ।

गणतन्त्र, लोकतन्त्र, संघीयता, संविधान संशोधन, नागरिकता विधेयक, लाल आयोगको रिपोर्ट र रेशम चौधरीलगायत राजबन्दीहरूको रिहाई तथा झूठा मुद्दा खारेजीबारे यिनको पार्टीगत स्पष्ट र थोक धारणा अहिलेसम्म आएको छैन ।

२०७४ को तुलनामा मधेसकेन्द्रीत दलहरुले ३,४७,७९७ मत कम पाएका छन् । त्यस्तै २७५ सदस्यीय प्रतिनिधिसभामा उपेन्द्र यादव र महन्थ ठाकुरले नेतृत्व गर्ने दलहरु ३३ बाट ११ सीटमा झरेका छन् । छिटपुट कुराकानीका बखत सार्वजनिक हुने कुराहरुबाट वैचारिक स्पष्टता र स्थिरता समेतको अभाव रहेको भान हुन्छ । रास्वपासमेत आन्तरिक लोकतन्त्र भन्दा अध्यक्षीय संस्कृतिकै साङ्लोमा जकडिएको रहने आशंका समेत उठ्न थालेको छ । रास्वपाका अध्यक्ष रसिव लामिछाने जसरी नागरिकताको छानबीन र सर्वोच्चको सुनवाई हुँदासमेत गृहमन्त्री रहिरहने भएका छन्, त्यसले विधिको शासन र त्यससंग सम्बन्धित नैतिकताको सवाल रास्वपाको निमित्त अर्थहीन रहेको बुझ्न सकिन्छ । जनमतले स्वतन्त्र मधेस र संविधान संशोधनको कुरा उहिलेको भन्दै अब अगाडि मूलधारको राजनीति गर्ने भनी गरेको उद्घोषले आगामी दिनमा परिवर्तनकारी पार्टी रहने आस गर्नु बेकार छ ।

## नगर शिक्षकले....

शिक्षक संघर्ष समितिद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'आर्थिक समस्या झेलिरहेका छौं, आर्थिक समस्याले मानसिकरुमा आन्दोलित भएको छ, हाम्रो अधिकारमाथि खेलवाड गरिएको छ ।' उनीहरुले आफूहरुको माग प्रति नगरपालिका उदाशिन भएको बताउँदै समस्या समाधानको माग समेत गरेका छन् ।

## बैतडीमा घरमै....

दोगडाकेदार गाउँपालिकामा पनि संस्थागत सुत्केरी हुनेको संख्या ५० प्रतिशत भन्दा कम रहेको स्वास्थ्य कार्यालयले जनाएको छ ।

जिल्लाको दशरथचन्द नगरपालिका, पाटन नगरपालिका, पुर्चौंडी नगरपालिका र मेलौली नगरपालिकामा भने संस्थागत सुत्केरी हुनेको संख्या बढेको पाइएको छ । ती पालिकाहरुमा पहिलाका तुलनामा संस्थागत सुत्केरीको संख्या बढ्दै गएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

संस्थागत सुत्केरीको संख्या बढाउनका लागि विभिन्न ठाउँमा बर्थिङ सेन्टर खुलेका भएपनि संस्थागत सुत्केरीको संख्या बढ्न सकेको छैन् । बर्थिङ सेन्टरहरुमा दक्ष प्रसुतीकर्मीको अभावका कारण पनि यो संख्या घट्दै गएको अनुमान गरिएको छ । स्वास्थ्य संस्थामा सुत्केरी हुने आमालाई सरकारले प्रोत्साहन भत्ता समेत दिँदै आएको छ । तर पनि संस्थागत सुत्केरी हुनेको संख्या बढ्न सकेको छैन् ।


**धनगढी उप-महानगरपालिका**
धनगढी, कैलाली

**संधियारको नाममा जारी सूचना**

यस उप-महानगरपालिकाका वडा ३ चटकपुरमा अवस्थित कित्ता नं. ५२७ क्षेत्रफल ३३८.६३ व.मि.मा भवन निर्माण गर्ने घरधनी श्री गौतमी देवी भण्डारीले यस न.पा.मा पेश गरेको नक्सा बमोजिमको भवन निर्माण गर्न निवेदन पेश गरेकोमा संधियारको नाममा यो सूचना प्रकाशित गरिएको छ । निवेदन साथ पेश हुन आएको प्रमाण र नक्साको आधारमा निर्माण स्वीकृति दिंदा तपाईको जग्गा लगायत सार्वजनिक स्थलको हानि नोक्सानी हुन्छ हुँदैन, सन्धि सर्पन हानि नोक्सानी हुने भए यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सबुत प्रमाण सहित नगरपालिकामा उजुर गर्नु सुचित गरिन्छ । म्याद नाघी आएको उजुरी उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा जानकारी गराइन्छ ।

**१. निर्माणको निमित्त प्रस्तावित जग्गाको चारकिल्लाको विवरण**

| दिशा | आफ्नो जग्गा लम्बाई (फिट/मिटर) | छाडेको आफ्नो जग्गा (फिट/मिटर) | संधियार | | |
|---|---|---|---|---|---|
| | | | कि.नं. | लेन्डस्केपको प्रकार | नाम |
| पूर्व | | | | | हरि धामी |
| पश्चिम | | | | | संगराम राना |
| उत्तर | | | | | चन्द्रकला पाठक, लाल बोहरा, शोभा कुमारी सिंह, राम किसन राना |
| दक्षिण | | | | | बाटो |

घरको नाप: लम्बाई ४४'८" चौडाई २८'१" उचाई : ३०'०" तल्ला संख्या: ३

**२. साईट प्लानको नक्सा**



सरसफाईमा ध्यान दिऊ ।
रोग लागनबाट बचौं ।



**बसन्त पञ्चमी (सरस्वती पुजा)को हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं ।**

नि:शुल्क भर्ना खुल्यो ! नि:शुल्क भर्ना खुल्यो ! नि:शुल्क भर्ना खुल्यो !

**यस लिटिल एन्जल्स मन्टेश्वरी विद्यालय धनगढी -८, सेतोपुल नजीकै बसन्त पञ्चमी (सरस्वती पुजा)को पावन अवसरमा नि:शुल्क भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं । सिट सिमीत भएकोले समयमै सम्पर्क राख्न अनुरोध छ ।**

**हाम्रा विशेषताहरू**

- नि:शुल्क भर्ना।
- मन्टेश्वरी पद्धतिबाट पढाई हुने।
- शान्त र सुरक्षित निजि भवन।
- स्कुल भ्यानको व्यवस्था।
- सि.सि. टि.भि. जडान गरिएको।
- तालिम प्राप्त, योग्य र मिलनसार स्कूल स्टाफहरू।
- शुद्ध तातो-चिसो खाने पानीको व्यवस्था।
- अतिरिक्त क्रियाकलाप (नाच, गान, क्रीकेट, फुटबल, हाजिरी जवाफ प्रतियोगिता र विजयीलाई आकर्षक पुरस्कार ।
- अडियो भिजुअल क्लास।
- दैनिक दुई पटक शुद्ध सफा पौष्टिक खानाको व्यवस्था।

**Dr. Bhaskar Upadhyay** is a chief director of Little Angles Montessori (Professor of STEM & International Development Education, College of Education & Human Development, University of Minnesota, Minneapolis, USA.



**लिटिल एन्जल्स मन्टेश्वरी**
धनगढी-८, सेतोपुल





Little Angels Montessori Estd 2078
Quest For Excellence

सम्पर्क : ०९१-५२६४२९, ९८४७५११७७६, ९८२५६०९६९७


## गोदावरी नगरस्तरिय....

रहेको प्याब्सन फेस्टिबल माघ १० गते सम्म संचालन हुने आयोजकले जनाएको छ ।

गोदावरी नगरपालिका - ३ चौकिडाँडामा रहेको लेमनग्रास खेल मैदानमा उद्घाटन गरिएको प्याब्सन फेस्टिवलका कार्यक्रम चौकिडाँडा सामुदायिक भवन रहेको प्राङ्गण र कनकवा खेल मैदान पनि संचालन हुने छ । फेस्टिबलमा ३ विधा अन्तरगत २६ वटा खेल खेलाईने छ ।

फेस्टिबलमा प्याब्सनमा आवद्ध प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका विद्यार्थीलाई समेटिएको छ । फेस्टिबलमा विजेता खेलाडीहरुलाई प्रमाण पत्र, मेडल र सहभागि विद्यालयलाई रनिङ ट्रफि दिइने आयोजकले जनाएको छ ।


**करार सूची बाट शिक्षक पदपुर्ति गर्ने सम्बन्धी सूचना !**

सूचना प्रकाशित मिति :- २०७९/१०/०४

यस विद्यालयमा रिक्त रहेको मा.वि. लेखा विषयको राहत अनुदान कोटामा,शिक्षा विकास तथा समन्वय इकाइ, कैलाली को च.न.७५९,मिति २०७९/१०/०२ को पत्रानुसार शिक्षक भर्ना गर्न अनुमति प्राप्त हुन आएकोले शिक्षक सेवा आयोगको कार्यालय सञ्चालन तथा लेखा विषयको करार सूचीमा रहेका उम्मेदवारहरुले तपसिलका आवश्यक कागजातहरु सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र विद्यालयमा निवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र तथा रीतपूर्वक नआएका निवेदन उपर कुनै कार्यवाही गरिने छैन ।

**तपसिल :-**

१) शिक्षक सेवा आयोगको करार सूचीको प्रतिलिपी ।
२) शैक्षिक यौग्यता तथा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
३) मा.वि. तहको शिक्षक अध्यापन अनुमति पत्रको प्रतिलिपी ।
४) निवेदन दस्तुर वापत रु.२,०००/-(अक्षरेपी दुई हजार रुपियाँ) मात्र यस विद्यालयको SUNRISE BANK LTD, Dhangadhi मा रहेको चल्ती हि.नं. ००९०९६३४०४७०१००२ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ ।

...................................
(भूपालसिंह खड्का)
प्रधानाध्यापक

**श्री त्रिनगर माध्यमिक विद्यालय**
धनगढी, कैलाली
फोन नं.: ०९१-५२१६३५, Email: trinagar2033@gmail.com



**धनगढी उप-महानगरपालिका**
धनगढी, कैलाली

**संधियारको नाममा जारी सूचना**

यस उप-महानगरपालिकाका वडा ६ जालीमा अवस्थित कित्ता नं. ११२६ क्षेत्रफल १६९.३० व.मि.मा भवन निर्माण गर्ने घरधनी श्री ईश्वर प्रसाद जोशीले यस न.पा.मा पेश गरेको नक्सा बमोजिमको भवन निर्माण गर्न निवेदन पेश गरेकोमा संधियारको नाममा यो सूचना प्रकाशित गरिएको छ । निवेदन साथ पेश हुन आएको प्रमाण र नक्साको आधारमा निर्माण स्वीकृति दिंदा तपाईको जग्गा लगायत सार्वजनिक स्थलको हानि नोक्सानी हुन्छ हुँदैन, सन्धि सर्पन हानि नोक्सानी हुने भए यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सबुत प्रमाण सहित नगरपालिकामा उजुर गर्नु सुचित गरिन्छ । म्याद नाघी आएको उजुरी उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा जानकारी गराइन्छ ।


**१. निर्माणको निमित्त प्रस्तावित जग्गाको चारकिल्लाको विवरण**

| दिशा | आफ्नो जग्गा लम्बाई (फिट/मिटर) | छाडेको आफ्नो जग्गा (फिट/मिटर) | संधियार | | |
|---|---|---|---|---|---|
| | | | कि.नं. | लेन्डस्केपको प्रकार | नाम |
| पूर्व | | | | | सिता कुमारी साउँद |
| पश्चिम | | | | | कलावति बिष्ट |
| उत्तर | | | | | बाटो |
| दक्षिण | | | | | पार्वती धामी |

घरको नाप: लम्बाई ' " चौडाई ' " उचाई : ' " तल्ला संख्या:


**२. साईट प्लानको नक्सा**


## २०७९ यस्तो छ तपाईको राशिफल माघ ५



**(मेष)** चु,चे, चो, ला, लि, लु, ले,

काममा बाधा पुर्याउनेहरूले सताउन सक्छन् । अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ने स्थिति आउन सक्छ ।




**(बृष)** इ, उ, ए, ओ, वा, वि, वु, वे, वो

स्वास्थ्य कमजोर रहनाले चिताएको काम पूरा गर्न नसकिएला । जिम्मेवारी भने बढिरहनेछन् । कमजोरीले चिन्ता बढाउन सक्छ ।



**(मिथुन)** का, कि, कु, घ, ङ, छ, के, को, ह

वातावरण रमाइलो रहे पनि परिस्थितिले निराश तुल्याउन सक्छ । सोखले खर्च बढाउन सक्ने समय रहेको छ ।



**(कर्कट)** हि, हु, हे, हो, डा, डि, डु, डे, डो

दुःखी मन लिएर मुस्कुराउनुपर्ला । मध्याह्नपछि स्वास्थ्यमा कमजोरी र उपचारमा खर्च हुने योग छ ।




**(सिंह)** मा, मि, मु, मे, मो, टा, टि, टु, टे

प्रयत्न गर्दा बिस्तारै प्रगति हुनेछ । मध्याह्नदेखि दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ ।



**(कन्या)** टो, प, पी, पू, ष, ण, ठ, पे, पो

आज दुःखी मनले कृत्रिम मुस्कान छर्न बाध्य भइनेछ । सहयोगीहरूको भावना बुझ्ने प्रयत्न गर्नुहोला ।



**(तुला)** रा, री, रु, रे, रो, ता, ती, तु, ते

लक्ष्यमा पुग्न सकिनेछ । साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । लामो समयदेखि प्रतीक्षा गरिएको काम बन्न सक्छ ।



**(वृश्चिक)** तो, ना, नि, नू, ने, नो, या, यि, यू

आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन् । कमजोर मानसिकताले पछि परिनेछ ।



**(धनु)** य, यो, भा, भी, भू, ध, फा, ढ, भे

मेहनत गर्दा आम्दानी बढाउने अवसर प्राप्त हुनेछ । तर खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ ।




**(मकर)** भो,जा,जी,,जू,जे,जो,ख,खि,खु,खे,खो,गा,गी

हल्लाको भर पर्दा दुस्ख पाइएला । कमजोरी लुकाउँदा पछि परिनेछ । मेहनत गर्दा विभिन्न अवसर प्राप्त हुने छन् ।



**(कुम्भ)** गु, गे, गो, सा, सी, सु, से, सो, द

मध्याह्नदेखि समुदायको हितमा राम्रै काम गर्न सकिनेछ । सामाजिक उत्तरदायित्व हातलाग्न सक्छ ।



**(मीन)** दी, दू, थ, झ, ञ, दे, दो, च, ची

मध्याह्नदेखि परिस्थितिले निराश तुल्याउन सक्छ । धेरै बोल्नुभन्दा बुद्धिको उपयोगले काम लिने चेष्टा गर्नुहोला ।


**खुशीको खबर ! खुशीको खबर !!**

*"सीप सिकौं आत्मनिर्भर बनौं ।"*

हाम्रो यहाँ दक्ष, अनुभवी प्रशिक्षकद्वारा तालिम दिईनुका साथै दक्ष कालीगढबाट अर्डर अनुसारको आधुनिक कपडाहरु सिलाई गरिन्छ ।

४ जनाको समूह बनाइ आएमा १ जनाको फी छुट गरिनेछ ।

साथै कपडा पनि उपलब्ध छ ।

**वबी बुटिक**

एल.एन.चौक, धनगढी

**मो.नं.: ९८४८४६८२३०, ९८११६७६४५९**

# राष्ट्रिय वाणिज्य बैंक प्रदेश कार्यालयद्धारा रक्तदान कार्यक्रम



**पोष्ट संवाददाता**

धनगढी । ५८औं बार्षिकोत्सवका अवसरमा राष्ट्रिय वाणिज्य बैंक सुदूरपश्चिम प्रदेश कार्यालय धनगढीले रक्तदान कार्यक्रम आयोजना गरेको छ ।

रगतको अभाव भएर कसैले पनि ज्यान गुमाउन नपरोस भन्ने उद्देश्यले बार्षिकोत्सव कार्यक्रमका अवसरमा रक्तदान कार्यक्रम आयोजना गरिएको राष्ट्रिय वाणिज्य बैंक प्रदेश कार्यालय धनगढीका उप प्रमुख भोजराज भट्टले बताए । उनका अनुसार रक्तदान कार्यक्रममा ३२ जनाले रगत दान गरेका छन् । रक्तदान गर्नेमा बैंकमा कार्यरत कर्मचारी, सुरक्षाकर्मी तथा सेवा ग्राही रहेका छन् ।

प्रदेश कार्यालय धनगढीका उप प्रमुख भट्टका अनुसार बार्षिकोत्सव कार्याक्रमका अवसरकार राष्ट्रिय वाणिज्य बैंकले सप्ताहव्यापि कार्यक्रम आयोजना गरेको छ ।

पहिलो दिनमा रक्तदान कार्यक्रम आयोजना गरेको बैंकले माघ ६ गते सरसफाई कार्यक्रम संगै माघ ७ र ८ गते खेलकुद कार्यक्रम आयोजना गर्ने प्रदेश उप प्रमुख भट्टले बताए । उनका अनुसार माघ १० गते विविध कार्यक्रम सहित बार्षिकोत्सव समारोह कार्यक्रम समापन हुने छ ।

राष्ट्रिय वाणिज्य बैंकले सामाजिक उत्तरदायि कार्यक्रमा पनि काम गर्दै आएको उनले बताए । कला संस्कृतिको संरक्षण, शिक्षाको विकास, स्वास्थ्य प्रबद्धनका लागि बार्षिक बजेछ छुट्ट्याएर वाणिज्य बैंकले सामाजिक क्षेत्रमा काम गर्दै आएको उप प्रमुख भट्टले बताए । 'राष्ट्रिय वाणिज्य बैंक नाफारहित बैंक हो,' भट्टले भने, 'त्यसैले यस बैंकले नाफाका लागि काम गर्दैन, नाफा भएको बजेट पनि सामाजिक क्षेत्रमा लगानी गर्दै आएका छौं ।'

राष्ट्रिय वाणिज्य बैंकका सुदूरपश्चिममा २२ वटा शाखा रहेका छन् । प्रदेशका ९ वटै जिल्लामा गरेर २२ शाखाबाट सेवा सञ्चालन भइरहेको उप प्रमुख भट्टले बताए । उनका अनुसार २२ वटै शाखामा एटिएम सेवा, मोबाईल बैंकिङ सेवा लगायत आधुनिक प्रबिधिबाट ग्राहकलाई सेवा प्रभावह गर्दै आएको उनले बताए । पछिल्लो समय बैंकिङ क्षेत्रमा भित्रिएका नविनतम प्रविधिको प्रयोग गरी राष्ट्रिय वाणिज्य बैंकले सेवा प्रदान गर्दै आएको छ । बतचमा निजि बैंक सरहनै ब्याज प्रदान गरिर्दै आएको उनले बताए । राष्ट्रिय वाािणज्य बैंक सरकारी स्वामित्वको बैंकहो,' भट्टले भने, 'त्यसैले पनि नागरिकको बढी भरोसा यस बैंक प्रति रहेको छ, सेवा सुविधामा पनि अन्य बैंकको भन्दा कुनै कमि रहेको छैन ।'

# कैलालीका युवकको भारतमा विभत्स हत्या

**पोष्ट संवाददाता**

धनगढी । कैलालीका एक युवकको भारतमा विभत्स हत्या गरिएको छ ।

कैलालीको लम्कीचुहा नगरपालिका -६ वावनपुरका १८ बर्षिय युवकको भारतको महाराष्ट्रमा हत्या भएको हो । रोजगारीको लागि महाराष्ट्रको आलिबागमा बस्दै आएका १८ वर्षीय कमल विकको आफ्नै साथीहरूले हत्या गरेको मृतककी आमा पार्वतीले बताइन् ।

छोराको बीभत्स हत्या गरिएको भन्दै आमाले वावनपुर घर भई हाल आलिबागमा बस्दै आएका चार व्यक्तिको नाममा किटानी जाहेरी दिएकी छन् । माघ १ गते महाराष्ट्र राईगढको आलिबाग ठाना प्रहरीमा पनि उजुरी दिएको उनले बताइन् ।

# समुदाय लक्षित राखिएका गाउँको नाम परिवर्तन

**पोष्ट संवाददाता**

बैतडी । बैतडीको पाटन नगरपालिकाले जात जाती विशेष वा समुदायलाई लक्षित गरेर राखिएका गाउँ टोलका नाम परिवर्तन गर्न थालेको छ ।

त्यसरी राखिएका गाउँ टोलका नामले समुदायका नागरिकलाई अपहेलित भएको महशुस हुने भएका कारण त्यसरी नामाकरण गरिएका टोलको नाम परिवर्तन गर्न थालिएको पाटन नगरपालिकाले जनाएको छ ।

बुधबार पाटन नगरपालिका वडा नं १ को ल्वारभाँ टोलको नाम परिवर्तन गरि 'रामपुर सकार' राखिएको पाटन नगरपालिकाका उपप्रमुख कमल बोहरा ( अपिले) बताए । सम्बन्धित गाउँमै पुगेर स्थानीय नागरिकको भेला बोलार गाउँटोलका नाम परिवर्तन भइरहेका छन् ।

यसअघि नगरपालिका वडा नं ५ र ६ का विभिन्न टोलका नाम परिवर्तन गरिएका थिए । नगरपालिकाले अपहेलित गाउँका नाम परिवर्तन गर्ने निर्णय अनुसार टोलका नाम परिवर्तन भइरहेका उप प्रमुख बोहराले बताए । अहिले सम्म ७ ओटा अपहेलित गाउँका नाम परिवर्तन भइसकेका उनले बताए । यसअघि वडा नं ५को अपहेलित गाउँको नाम परिवर्तन गरेर सृर्जना टोल राखेको थियो ।

त्यस्तै पाटन नगरपालिका वडा नं ६ स्थित भट्टाड टोलको नाम परिवर्तन गरी बयलबाटा, भण्डारी गाउँ-भुल्यौडा टोलको नाम परिवर्तन गरी खसरबाटा टोल, भुल्यौडा टोलको नाम परिवर्तन गरी ढुंगे ओखल टोल र औज्यौडा टोलको नाम परिवर्तन गरी तीलगाउँ टोल राखिएको थियो ।

अब नगरपालिकाले पत्राचार गर्दा नयाँ नामले पत्राचार गर्ने छ । नगरपालिकाका १० ओटै वडामा रहेका अपहेलित गाउँ/टोलका नाम परिवर्तन गरिने पाटन नगरपालिकाले जनाएको छ ।

# खाद्य संस्थानले पाएन कोटाको धान

**पोष्ट संवाददाता**

धनगढी । खाद्य व्यापार तथा कम्पनिले कञ्चनपुरका कोटा अनुसारको धान खरिद गर्न सकेको छैन ।

खाद्यले धान खरिद गर्नु अघि किसानले व्यापारीलाई धान खरिद गरेसकेका कारण संस्थानलाई कोटा अनुसार धन खरिद गर्न धौधौउ भएको हो ।

कात्तिकमै धानको मुख्य निर्धारण भएपछि खाद्य संस्थालने भने ढिलो गरी मंसिर २७ गते देखि मात्रै किसानबाट धान खरिद गर्न सुरु गरेको थियो ।

कञ्चनपुरका लागि खाद्य संस्थानले १४ हजार क्विन्टल धान खरिदको लक्ष्य निर्धारण गरेकोमा महेन्द्रनगरस्थित कार्यालयले एक महिनामा २८ सय क्विन्टल मात्रै धान खरिद गर्न सकेको छ । अहिले कृषकहरूबाट बिक्रीका लागि धान आउने क्रम निकै कम भएको छ । खाद्य संस्थानले मंगलबारसम्म २८ सय १९ क्विन्टल मात्रै धान खरिद गरेको महेन्द्रनगर कार्यालयका निमित्त प्रमुख तपेन्द्र उपाध्यायले बताए ।

उनका अनुसार न्यून मात्रामा धान आइरहेका कारण खरिदको अवधि एक महिना अझै रहनेछर । 'धान आइरहेको छैन, तैपनि हामीले एक महिना अझै काँटा लगाउँछौं,' उनले भने, 'ढिलो गरी खरिद सुरु भएकै कारण कोटाअनुसार धान आएन ।'

सरकारले गतवर्षभन्दा प्रतिक्विन्टल २१५ रुपैयाँ वृद्धि गरेको मोटो धानको समर्थन मूल्य २९ सय ६७ र मसिनो धानको ३१ सय २८ पुर्‍याएको थियो । तर समयमै धान खरिद सुरु भएन । कृषकहरूले गतवर्षभन्दा सस्तोमा धान बिक्री गरे । यस वर्ष कृषकहरूले प्रतिक्विन्टल २१/२२ सयका दरले बिक्री गरे ।

अहिलेसम्म १० हजार क्विन्टल हाराहारी धान खरिद भइसक्नुपर्ने उपाध्याय बताउँछन् । तर संस्थानले खरिद सुरु गर्नुभन्दा अगावै कृषकहरूले व्यपारीकहाँ बिक्री गरिसकेको देखिन्छ । संस्थानले ३ हजार ३५ सय क्विन्टलसम्म धान खरिद हुने अनुमान गरेको छ ।

कञ्चनपुरमा खाद्य व्यापार कम्पनीले पुस १ देखि खरिद सुरु गरेको थियो । सुरुको केही दिन धान आए पनि त्यसपछि भने फाटफुट मात्रै आएको उपाध्यायले बताए । संस्थानको महेन्द्रनगर कार्यालयले १० हजार क्विन्टलको कोटा माग गरेको थियो ।  केन्द्रले १४ हजार क्विन्टलको अनुमति दियो ।

गतवर्ष पनि संस्थाले लक्ष्यअनुसार धान खरिद गर्न सकेको थिएन ।र ६ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य पाए पनि ११ सय ६१ क्विन्टल मात्रै खरिद भएको थियो । गतवर्ष कात्तिक पहिलो साताको बेमौसमी वर्षाका कारण धान खेतमै कुहिएपछि लक्ष्यअनुसार धान खरिद गर्न नसकेको हो । कञ्चनपुरमा करिब ५० हजार हेक्टरमा धान खेती गरिन्छ । कञ्चनपुरका धानको उत्पादकत्व प्रतिहेक्टर ४ मेट्रिक टन रहेको छ । यस वर्ष पनि धानबाली भित्र्याउने बेला भएको बेमौसमी वर्षाले उत्पादनमा केही ह्रास आएको कृषि प्राविधिक बताउँछन् ।

'गतवर्ष जस्तो ठूलो क्षति नभए पनि केही ह्रास भएको छ,' कृषि ज्ञान केन्द्रका सूचना अधिकारी जनकराज जोशीले भने, 'अब खेतीपातीको समय नै बदल्नुपर्ने देखिन्छ, धान केही ढिलो वा ढिलो पाक्ने धान लगाउनुपर्छ ।' विगतकै सिजनअनुसार धान लगाउँदा रोपाइँका बेला खडेरीले समस्या हुने र भित्र्याउँदा वर्षाले समस्या हुने गरेको उनले बताए ।

निसर्ग हस्पिटल
एण्ड रिसर्च सेन्टर प्रा.लि.
सुदूरपश्चिम प्रदेशको पहिलो अत्याधुनिक सुविधा सम्पन्न हस्पिटल

उपलब्ध विशेषज्ञ सेवाहरू...

**नवजात शिशु तथा बालरोग सेवा**
नवजात शिशु तथा बालरोग विशेषज्ञ डाक्टर द्वारा बच्चाको ज्वरो, रूघाखोकी, विभिन्न संक्रमण, सम्बन्धि संक्रमण, बच्चामा रक्तचाप, एलर्जी, श्वासप्रस्वास समस्या, सुगर, थाईराईड, जण्डीस, एनिमिया, मोटोपना, दुब्लोपना, मिर्गी वा मुर्छापर्ने समस्या, बच्चाको शारिरिक वृद्धि, विकास, आहार एंव पोषण लगायत विभिन्न खोपहरू सम्बन्धि उपचार तथा परामर्श सेवा ।

**हाडजोर्नी तथा नसा रोग सेवा**
हाडजोर्नी, नसा तथा बाथरोग विशेषज्ञ डाक्टरद्वारा अत्याधुनिक कम्प्यूटर प्रविधिबाट भाँचिएका, मर्केका, जन्मजात बांगाटिंगा भएका हड्डीहरूको उपचार तथा अप्रेशन लगायत हाडजोर्नीको संक्रमण, बाथरोग, यूरिक एसिड, जोर्नी, घुंडा, कांध, कमर, गर्दन दुखाई, हातखुट्टा/जिउ झमझम गर्नेको उपचार साथै शरीरमा राखिएका रड, प्लेट, पिन आदि अप्रेशनबाट झिक्ने सेवा ।

**जनरल मेडिसिन (फिजिसियन) सेवा**
फिजिसियन (जनरल मेडिसिन) डाक्टर द्वारा मुटुरोग, ब्लड प्रेशर, सुगर, पेट, ग्यास्ट्रीक, अल्सर, छाती, दम, कलेजो, कोलेस्ट्रोल, टाईफाईड, थाईराईड, हर्मोन, डेंगु, स्क्रबटाईफस, सिकलसेल एनिमिया आदिको विशेषज्ञ उपचार सेवा ।

**जनरल तथा दुरबिन बाट अप्रेशन सेवा**
जनरल तथा ल्याप्रोस्कोपीक सर्जन डाक्टर द्वारा दुरवीन प्रविधिबाट पित्तथैलीको पत्थरी,एपेन्डिक्स, हर्निया, हाईड्रोसिल, पाईल्स, फिस्टुला, आन्द्रा बेरिएको/फुटेको, स्तन तथा शरीरका गाँठा-गुठी आदिको उपचार तथा अप्रेशन सेवा ।

**स्त्री तथा प्रसुती रोग सेवा**
स्त्री तथा प्रसुती रोग विशेषज्ञ डाक्टर द्वारा तल्लो पेट दुख्ने, महिनावारी गडबडी, सेतो पानी बग्ने, स्तनको समस्या, बाँझोपन, पाठेघरमा मासु पलाएको, पाठेघरको ट्यूमर, डेलिभरी लगायत आदिको सम्पूर्ण उपचार तथा अप्रेशन सेवा ।

**भिडियो एक्स-रे सेवा**
भिडियो एक्स-रे विशेषज्ञ (रेडियोलोजिष्ट) डाक्टर द्वारा पेट, घांटी, स्तन, पाठेघर, अण्डकोष, टाउको आदीको भिडियो एक्स-रे साथै एक्स-रे, सि.टि. स्क्यानको रिपोर्टीङ्ग सेवा ।

**मानसिक तथा नशा रोग सेवा**
मानसिक रोग विशेषज्ञ डाक्टर द्वारा सोचाई र बिचारमा गडबडी हुनु, मनमा कुरा खेलीरहनु, विनाकारण डर लाग्नु, झर्को लाग्ने, निराश हुने, शंका लाग्ने वा नकारात्मक सोच आउने,आत्महत्याको सोच आउने,मुटु ढुकढुक हुने,टाउको दुख्ने,चिट चिट पसिना आउने,यौन चाहनामा कमी आउने,बेहोस हुने आदी समस्याको उपचार  सेवा ।

**मुख, अनुहार तथा बङ्गारा रोग सेवा**
मुख, अनुहार तथा बङ्गारा विशेषज्ञ डाक्टर द्वारा मुख भित्र घाउ खटिराहरू भएको र सुन्निएको,मुख कम खुल्ने,नखुल्ने,खोक्दा आवाज आउने,चपाउदा दुख्ने,अनुहार सुन्निएको,अनुहारमा घाउहरू भएको, अनुहारको प्लास्टिक सर्जरी,बङ्गाराको प्याएक्चर, चोटपटक, सुन्निएको सम्बन्धि उपचार तथा अप्रेसन सेवा ।

**नाक, कान, घाँटी रोग सेवा**
नाक, कान, घाँटी रोग विशेषज्ञ तथा हेड एण्ड नेक सर्जन डाक्टर द्वारा पिनास, नाकमा मासु पलाएको, घाटीको टङसिल,कान कम सुन्ने,कान नसुन्ने, कानबाट पिप बग्ने समस्याको उपचार तथा अप्रेशन सेवा ।

**छाला, यौन रोग तथा सौन्दर्य सेवा**
छाला, चर्म, यौन तथा सौन्दर्य विशेषज्ञ डाक्टर द्वारा सरीर चिलाउने,पुरानो दाद,कपाल खस्ने,तालु खुइलिने,कुष्ठरोग तथा नशा झमझमाउने, यौनरोगको, उपचार तथा परामर्श सेवा ।

**मृगौला तथा मुत्र रोग सेवा**
मृगौला रोग विशेषज्ञ (नेफ्रोलोजिष्ट) /वरिष्ठमुत्ररोग विशेषज्ञतथा मृगौला शल्य चिकित्सक (युरोलोजिष्ट) डाक्टर द्वारा मृगौला (किड्नी), पिसाबनली, पिसाब थैलीको पत्थरी तथाप्रोष्टेट ग्रन्थी सम्बन्धि सानो प्वालपारी दुरवीन प्रविधि (Mini PCNL) तथा ना चिरफाड (Endoscopic) विशेषज्ञ उपचार तथा अप्रेशन सेवा ।

**न्युरो तथा मस्तिस्क रोग सेवा**
न्युरो फिजिसियन तथा न्युरो सर्जन विशेषज्ञ डाक्टर द्वारा टाउको दुख्ने, गर्दन दुख्ने, ढाड दुख्ने, मुर्छा पर्ने, मिर्गी आउने, माइग्रेन, हात, खुट्टा, जिउ दुखाई हुने एवं झमझम गर्ने, हात, खुट्टा, गर्दन, ढाड, शरीरको नशा च्यापिएको, दिमाग वा मेरूदण्डको सम्पुर्ण समस्या तथा न्यूरो सम्बन्धी सम्पुर्ण समस्या ।


सघन उपचार (ICU) सेवा


नवजात शिशु (NICU) सेवा


बाल सघन (PICU) सेवा


कृतिम स्वास प्रस्वास (Ventilator)


२४ सै घण्टा अप्रेशन सेवा


साधारण तथा वातानुकुलित क्याबिन




कुनैपनि रोगको सफल उपचार तथा परामर्शको लागि सम्पर्क गनुहोला
हसनपुर, धनगढी-५, कैलाली, नेपाल
nisargahospitalnepal@gmail.com /nisargahospitalnepal
२४ सै घण्टा आकस्मिक सेवा
HELLO 091-526681
EMERGENCY 9865680100
SUPPORT CALL 9804600745

धनगढी पोष्ट दैनिकका लागि कर्ण शाहद्धारा सम्पादित/प्रकाशित, ठेगाना : धनगढी-१ एलएनचौक, फोन ०९१- ५२५७७०, फ्याक्स -५२२४५६,
Email : dhangadhipost@gmail.com, Website:www.dhangadhipostnews.com, मुद्रकः समैजी अफसेट प्रेस बैयाबेहडी, धनगढी, कार्यकारी सम्पादक : हिमाल जोशी